# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- २२**

मिति २०८०।१०।२२

## छलफल तथा निर्णय

निर्णयहरु :

१. आजको बैठकमा भौतिक पुर्वाधारको क्षेत्रसँग सम्बन्धित विभिन्न सवालहरु उपर माननीय सदस्यज्यूहरुबाट गम्भिर प्रश्नहरु र मन्त्रालयको कामकारवाही प्रति तिव्र असन्तुष्टि उत्पन्न भएको विषय विशेष रुपमा उठान भएकोले **विगत केही दिनदेखि सामाजिक सञ्जाल तथा समाचार माध्यमहरुमा आएको चालु आ.व.मा ६१ करोड रकम विनियोजन गरेर धनगढी उपमहानगरपालिकाका विभिन्न १९ वटा योजनाहरु बहुवर्षिय योजनाका रुपमा ठेक्का लागेका भन्ने व्यहोराको समाचार प्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ;** भौतिक पुर्वाधार विकास मन्त्रालयबाट चालु आ.व.को हालसम्म के कस्ता योजनाहरुमा श्रोत सुनिश्चतता माग भयो? हालसम्मका विभिन्न बहुवर्षिय योजनाहरु र तिनको प्रगति विवरण तथा विभिन्न कारणबाट प्रभावित भई समयमै निर्माण सम्पन्न हुन नसकि अलपत्र रहेका योजनाहरु लगायतका विषयमा समितिको बैठकमा छलफल गर्नुपर्ने भएको हुँदा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवलाई मिति २०८०।१०।२३ गते विहान ११ बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

२. समितिको अर्को बैठकसम्मका लागि आजको बैठक स्थगित भयो ।